# सप्तकोशी नगरपालिका

## सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन कार्यविधि, २०७७

सप्तकोशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फत्तेपुर, सप्तरी

कार्यपालिकाबाट स्वीकृत मिति २०७७/०६/०६

# सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना**

यस सप्तकोशी नगरपालिका पर्यटकीय दृष्टिले सम्भावनायुक्त नगरपालिका हो। यस नगरलाई गुणस्तरीय सुविधा सम्पन्न, हरित, स्वच्छ एवम् शान्त वातावरण र व्यवस्थित नगर निर्माणका लागि आधुनिक सूचना तथा संचार प्रविधिको उपयोगबाट मात्र यो लक्ष्य प्राप्ति हुने र हाम्रा अगाडि भएका गरिबी निवारण, मानव अधिकार संरक्षण, संघीय व्यवस्था अनुसारको नयाँ कानुन निर्माण र प्रयोग गर्ने, हराभरा सुन्दर सफा व्यवस्थित पर्यटकीय नगर निर्माणका लागि ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी बनाउनका लागि वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७४ को दफा ११ को उपदफा ७ को अधिकार प्रयोग गरि सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन कार्यविधि, २०७७ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

**उद्देश्य**

एकिकृत नगर विकासको दृष्टिकोणले सूचना सञ्चार र प्रविधि मार्फत् नगर क्षेत्रको सेवा सुविधा र श्रोत साधनको सुरक्षित तवरले उच्चतम र नवीनतम् प्रयोग मार्फत नगरवासीहरूमा सुधारिएको सेवा प्रदान गर्ने उद्देश्य राखी यो परियोजना शुरु गर्न लागिएको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन कार्यविधि, २०७७ रहनेछ।

२. यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः**

१. कार्यविधि- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा "कार्यविधि" भन्नाले सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन कार्यविधि, २०७७ बुझ्नु पर्दछ।

२. समिति- "समिति" भन्नाले सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन गर्न बनेको समिति सम्झनु पर्दछ।

३. संयोजक- "संयोजक" भन्नाले सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनका लागि बनेको समितिको मुख्य व्यक्ति नगरपालिका प्रमुखलाई भन्ने बुझ्नु पर्दछ।

५. कार्यालय- "कार्यालय" भन्नाले सप्तकोशी नगरपालिका कार्यालय अन्तर्गत रहने सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनको कार्यालय भन्ने बुझ्नु पर्दछ।

## परिच्छेद-२

१. सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनको कार्यालय- सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनको कार्यालय सप्तकोशी नगरपालिका अन्तर्गत समितिले तोके बमोजिम हुनेछ।

२. सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनको कार्यालयको छाप- सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनको कार्यालयको छाप समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद-३

**१. सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन-**

सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन गर्नका लागि नगरपालिकासँग सहकार्य गर्न चाहने संस्थाबाट तयार भएको समझदारीको **(Memorandum of Understanding (MoU)** बमोजिम नगरपालिकाबाट स्वीकृत गरी कार्य सञ्चालनको जिम्मा दिएको संस्थाबाट सञ्चालक समितिले निर्णय गरे बमोजिमको परियोजना सञ्चालन हुनेछ।

**२. सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन समितिः**

| | |
|---|---|
| प्रमुख, सप्तकोशी नगरपालिका | -संयोजक |
| वडा अध्यक्षहरू मध्येबाट कार्यापलिकाले छनौट गरेका ३ जना वडा अध्यक्ष | -सदस्य |
| कानुनी सल्लाहकार, सप्तकोशी नगरपालिका | -सदस्य |
| सम्बन्धित क्षेत्रमा योगदान पुर्याएका जानकार व्यक्ति मध्येबाट १ जना | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, सप्तकोशी नगरपालिका | -सदस्य सचिव |
| संयोजकले तोकेका (आमन्त्रित) विषय विशेषज्ञ, समाज सेवी वा जनप्रतिनिधिबाट थप ३ जना | - सदस्य |

**३. समितिको काम कर्तव्य र अधिकारः**

(क) नगरपालिकाबाट सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनका लागि भए गरेका निर्णय कार्यान्वयन गर्ने,

(ख) परियोजना सञ्चालनका लागि नगरपालिकाको तर्फबाट सम्झौता गर्ने,

(ग) परियोजनाको अनुगमन मूल्याङ्कन, समन्वय एवं प्रभावकारी कार्य सञ्चालनमा आवश्यक पर्ने विषयहरूमा समितिबाट निर्णय गरी नगर कार्यपालिका समक्ष स्वीकृतिको लागि पेश गर्ने।

**४. संयोजकको काम कर्तव्य र अधिकारः**

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) परियोजना सञ्चालनमा आईपरेको बाधा अड्काउ फुकाउने।

**५. सदस्य सचिवको काम कर्तव्य र अधिकारः**

(क) समितिको बैठक बोलाउने,

(ख) समितिको निर्णय लेख्ने,

(ग) निर्णय कार्यान्वयनका लागि सहज कर्ताको रूपमा कार्य गर्ने।

**६. सदस्यहरूको काम कर्तव्य र अधिकारः**

(क) समितिको बैठकमा भाग लिने,

(ख) परियोजना सञ्चालनमा आवश्यक सहयोग गर्ने,

(ग) अनुगमन मूल्याङ्कनमा सहभागी हुने।

## परिच्छेद-४

**१ परियोजना सञ्चालनको लागि कोषको व्यवस्थाः**

सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनका लागि आवश्यक पर्ने कोषको व्यवस्था नगरपालिका र सहकार्य गर्ने संस्था बीच हुने सम्झौता बमोजिम हुनेछ।

**२. परियोजना सञ्चालनका लागि आवश्यक पर्ने जनशक्तिः**

सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति नगरपालिका र सहकार्य गर्ने संस्था बीच हुने सम्झौता बमोजिम हुनेछ।

## परिच्छेद-५

**१. समिति सदस्यमा हेरफेरः**

सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालन समितिका सदस्यहरू समितिको निर्णय बमोजिम हेरफेर हुन सक्नेछन्।

**२. परियोजना सञ्चालनको मापदण्डः**

सप्तकोशी ग्रिन सिटी क्लिन सिटी ब्राइट सिटी परियोजना सञ्चालनका शर्त एवं मापदण्डहरू नगरपालिका र सहकार्य गर्ने संस्था बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-६

१. यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिनेछ।

२. सञ्चालक समितिको पदावधि २ वर्षको हुनेछ तथा आवश्यकतानुसार थप गर्न पनि सकिनेछ।

३. यो कार्यविधि नेपाल राज्यको संविधान तथा अन्य प्रचलित कानुनसँग बाझिएको हकमा स्वतः अमान्य हुनेछ।